# अर्थ बुलेटिन

वर्ष २ अंक ७ २०७७ माघ

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## प्रमुख आर्थिक झलकहरू

- आर्थिक वर्ष २०७७/७८ को पौष महिनासम्म न्यून रहेको कुल वस्तु पैठारी माघ महिनामा केही वृद्धि भएको छ भने निकासीको वृद्धि कायमै रहेको छ। कुल वस्तु व्यापारमा निकासीको अंश गत आर्थिक वर्षको ७.५ प्रतिशतबाट वृद्धि भई ८.० प्रतिशत पुगेको छ। व्यापार घाटामा ०.७ प्रतिशतले सुधार भएको छ।
- संघीय सरकारको २०७७ माघ महिनासम्मको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.६ प्रतिशतले वृद्धि भई कुल विनियोजनको ३३.९ प्रतिशत खर्च भएको छ।
- राजस्व तथा अन्य प्राप्ति समेत गरी लक्ष्यको करिब ९६.६ प्रतिशत परिचालन भएको छ। वैदेशिक सहायता प्रतिवद्धतामा ७१.५ प्रतिशतले वृद्धि भएको छ।
- नेप्से सूचकाङ्क निरन्तर सुधार हुँदै गएको छ भने बजार पूँजीकरण बिन्दुगत आधारमा ९८.३ प्रतिशतले वृद्धि भएको छ। बीमामा पहुँच पुगेको जनसंख्या २२.८ प्रतिशत रहेको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को माघसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रू. ४ खर्ब ८७ अर्ब ९ करोडको तुलनामा २.६ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब ९९ अर्ब ६८ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ४ खर्ब ६ अर्ब ७३ करोड, पूँजीगत खर्च रू. ६२ अर्ब ८४ करोड र वित्तीय व्यवस्था तर्फ रू. ३० अर्ब ११ करोड रहेको छ। समीक्षा अवधिमा चालु खर्च ११.२ प्रतिशतले बढेको छ भने पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्च क्रमशः १८.७ प्रतिशत र ३१.७ प्रतिशतले घटेको छ। खासगरी कोभिड-१९ संक्रमणको जोखिमका कारण विकास निर्माणका कार्यले गति लिन नसकेको कारण पूँजीगत खर्चले अपेक्षित गति लिन सकेको छैन।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको माघ महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)**

| विवरण | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| चालु | २४९२९.५ | ३६४५९.९८ | ३५१०७.३२ | ३६५७५.०३ | ४०६७२.५६ |
| पूँजीगत | ५२१६.४९ | ६६१५.९४ | ७०६६.०८ | ७७२७.५३ | ६२८४.३३ |
| वित्तीय व्यवस्था | ३४३४.६९ | २५०५.८३ | ३२१३.५७ | ४४०६.१६ | ३०११.३२ |
| कुल खर्च | ३३५८०.६८ | ४५५८१.७५ | ४५३८६.९७ | ४८७०८.७२ | ४९९६८.२१ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको माघ महिनासम्म कुल विनियोजित रकमको ३३.९ प्रतिशत खर्च भएको छ। जसमा चालु खर्च तर्फ कुल विनियोजित बजेटको ४२.९ प्रतिशत, पूँजीगत बजेटको १७.८ प्रतिशत र वित्तीय व्यवस्था तर्फ १७.४ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल खर्च ३१.८ प्रतिशत भएको थियो। चालु, पूँजीगत र वित्तीय व्यवस्था तर्फ क्रमशः ३८.२ प्रतिशत, १८.९ प्रतिशत र २६.२ प्रतिशत रकम खर्च भएको थियो।

**तालिका (ख): आर्थिक वर्ष २०७७/७८ को माघसम्मको मासिक खर्च स्थिति (रू. करोडमा)**

| महिना | चालु खर्च | खर्च प्रगति | पूँजीगत खर्च | खर्च प्रगति | वित्तीय व्यवस्था | खर्च प्रगति | कुल संघीय खर्च | खर्च प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १७२.८३ | ०.१८ | १३.३३ | ०.०४ | ११.७५ | ०.०७ | १९७.९१ | ०.१३ |
| भदौ | ६३२४.३४ | ६.६६ | ३७५.२५ | १.०६ | १५७.२८ | ०.९१ | ६८५६.८७ | ४.६५ |
| असोज | १८२६१.८९ | १९.२४ | १५०४.५८ | ४.२६ | ३४१.३९ | १.९८ | २०१०७.८६ | १३.६४ |
| कार्तिक | २३०१२.२ | २४.२५ | २९४४.५२ | ८.३४ | ९५०.३१ | ५.५१ | २६९०७.०३ | १८.२५ |
| मङ्सिर | २८०७४.२८ | २९.८५ | ३५९४.१७ | १०.१८ | ११७७.३६ | ६.८१ | ३२८४५.८१ | २२.२७ |
| पुष | ३४२३५.६३ | ३६.०८ | ५०८१.६९ | १४.४ | २२५७.२२ | १३.०६ | ४१५७४.५४ | २८.१९ |
| माघ | ४०६७२.५६ | ४२.८६ | ६२८४.३३ | १७.८१ | ३०११.३२ | १७.४३ | ४९९६८.२१ | ३३.८८ |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

## राजस्व परिचालन

३. आर्थिक वर्ष २०७७/७८ को माघसम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ४ खर्ब ९२ अर्ब ३८ करोडको तुलनामा १.२५ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ९८ अर्ब ५२ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रु. ४ खर्ब ५८ अर्ब १० करोड र गैरकर राजस्व रु. ४० अर्ब ४२ करोड रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ५ खर्ब ३० अर्ब ७२ करोड रहेको छ।

**तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | आ.व. २०७७/७८ वार्षिक लक्ष्य | २०७६/७७ माघ सम्मको संकलन | २०७७/७८ माघ सम्मको संकलन | प्रतिशत परिवर्तन | माघ सम्मको लक्ष्य | माघ सम्मको लक्ष्यको तुलनामा असूली % |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | १९,३५५.४७ | ८,९३९.०९ | १०,८२३.८३ | २१.०८ | ११,२१४.४५ | ९६.५२ |
| **मूल्य अभिवृद्धि कर** | ३०,२१६.८७ | १४,७५४.५७ | १५,०४८.४५ | १.९९ | १६,९५५.११ | ८८.७५ |
| उत्पादन, बिक्री, सेवा | ११,२०३.६२ | ६,२४३.९५ | ६,५१५.२९ | ४.३५ | ५,९२७.४३ | १०९.९२ |
| पैठारी | १९,०१३.२५ | ८,५१०.६३ | ८,५३३.१६ | ०.२६ | ११,०२७.६९ | ७७.३८ |
| **अन्तःशुल्क** | १५,५५०.४१ | ७,०७१.३० | ७,२५०.५९ | २.५४ | ८,५६२.७० | ८४.६८ |
| आन्तरिक उत्पादन | ९,८९२.२९ | ४,२५८.७६ | ४,३६६.२६ | २.५२ | ५,२८०.९८ | ८२.६८ |
| पैठारी | ५,६५८.१२ | २,८१२.५४ | २,८८४.३३ | २.५५ | ३,२८१.७१ | ८७.८९ |
| **आयकर** | २३,८०३.८७ | १२,७७४.५८ | ११,५४५.२० | -९.६२ | १२,०५९.०६ | ९५.७४ |
| आयकर | २१,५०३.१३ | ११,२३४.४२ | ९,९४३.५६ | -११.४९ | १०,४३७.८५ | ९५.२६ |
| ब्याज कर | २,३००.६२ | १,५४०.१६ | १,६०१.६३ | ३.९९ | १,६२१.२१ | ९८.७९ |
| **अन्य कर #** | २,३६८.४० | १,२४१.९२ | १,१४२.०८ | -८.०४ | १,२५४.५७ | ९१.०३ |
| **कर राजस्व जम्मा** | ९१,२९४.९० | ४४,७८१.४७ | ४५,८१०.१५ | २.३० | ५०,०४५.८८ | ९१.५४ |
| **गैर कर जम्मा** | ९,८८०.९४ | ४,४५६.५० | ४,०४२.३१ | -९.२९ | ४,९०६.०८ | ८२.३९ |
| **कूल राजस्व** | १०१,१७५.८४ | ४९,२३७.९६ | ४९,८५२.४६ | १.२५ | ५४,९५१.९६ | ९०.७२ |
| **अन्य प्राप्ति** | - | ३,२३८.७४ | ३,२१९.६६ | -०.५९ | - | - |
| **जम्मा प्राप्ति** | १०१,१७५.८४ | ५२,४७६.७० | ५३,०७२.१२ | १.१३ | ५४,९५१.९६ | ९६.५८ |


# अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क मात्र संलग्न गरिएको। अन्य प्राप्तिमा गत वर्षको नगद मौज्दात र बेरूजु असुली रकम समावेश गरिएको छ।
स्रोतः अर्थ मन्त्रालय।

४. चालु आर्थिक वर्षको माघसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भन्सार महशुलमा २१.१ प्रतिशतले वृद्धि भएको छ भने आयकरको संकलनमा ९.६ प्रतिशतले कमी आएको छ।

५. चालु वर्षको माघसम्मको शीर्षकगत लक्ष्यमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर शीर्षकको राजस्व लक्ष्य भन्दा बढी संकलन भएको छ भने अन्य शीर्षकको राजस्व संकलनमा कमी आई समग्र राजस्व संकलन लक्ष्यको ९०.७ प्रतिशत संकलन भएको छ।

६. यस अवधिमा भन्सार विन्दुमा संकलन भएको राजस्व ९.८ प्रतिशतले बढेर रू. २ खर्ब २२ अर्ब ४१ करोड पुगेको छ भने आन्तरिकतर्फ संकलन भएको राजस्व (अन्य कर सहित) मा ३.८ प्रतिशतले संकुचन भई रू. २ खर्ब ३५ अर्ब ६९ करोड रहेको छ।


**चार्ट (क): पछिल्लो ५ वर्षको माघ महिनासम्मको राजस्व संकलनको प्रवृत्ति (रु. करोडमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

७. विगत पाँच आर्थिक वर्षमा राजस्व संकलन वृद्धि भइरहेको छ। शुरुका आर्थिक वर्षहरूको तुलनामा पछिल्लो आर्थिक वर्षको वृद्धिदर भने न्यून रहेको छ।

**चार्ट (ख): आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ (दायाँ) को माघसम्मको राजस्व संकलन संरचना**




८. चालू आर्थिक वर्ष २०७७/७८ माघ महिनासम्मको कुल राजस्वमा भन्सार महशुल र अन्तःशुल्कको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर, गैरकर र अन्य करको हिस्सा घटेको छ।

## बाँडफाँट पछिको संघीय राजस्व

९. चालु आर्थिक वर्षको माघ मसान्तसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ४ खर्ब ३५ अर्ब ३४ करोडको तुलनामा १.१ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब ४० अर्ब २८ करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ५७ अर्ब ४ करोडको तुलनामा २.१ प्रतिशतले वृद्धि भई रू. ५८ अर्ब २४ करोड पुगेको छ।

## करको दायरा विस्तार

१०. २०७७ माघसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ३८ लाख २५ हजार ९ सय ४६ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १५ लाख १८ हजार ९३३ (३९.७ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २२ लाख ९९ हजार ३ सय ९ (६०.१ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ७ हजार ७ सय ४ (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ७८ हजार ६ सय २४ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख ७ हजार ८ सय ४५ पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | आ.व. २०७६/०७७ को माघ सम्ममा थप | आ.व. २०७७/७८ को माघसम्ममा थप | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १३५८९३४ | १६६,४६४ | १५९,९९९ | १,५१८,९३३ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | १९७३४५२ | ८६३,२२९ | ३२५,८५७ | २,२९९,३०९ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | ३,२७० | २,५९८ | ७,७०४ |
| **जम्मा स्थायी लेखा नम्बर #** | **३,३३७,४९२** | **१,०३२,९६३** | **४८८,४५४** | **३,८२५,९४६** |
| मू.अ.कर | २५५९६३ | ३६,७४० | २२,६६१ | २७८,६२४ |
| अन्तः शुल्क | ९४२९२ | १८,३७३ | १३,५५३ | १०७,८४५ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

११. आर्थिक वर्ष २०७७/७८ को माघ महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रु.१ खर्ब ९ अर्ब २८ करोडको तुलनामा ७१.५ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ८७ अर्ब ४४ करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता ९.७ प्रतिशत र ऋण सहायता ९०.३ प्रतिशत रहेको छ।

**तालिका (ङ): क्षेत्रगत विकास सहायताको अवस्था (रू. करोडमा)**

| क्षेत्र | प्रतिबद्धता रकम | प्रतिशतमा |
|---|---|---|
| शिक्षा | ४४६.२ | २.४ |
| ऊर्जा | ४६१४.५ | २४.६ |
| पुनर्निर्माण | ६०.० | ०.३ |
| शहरी विकास | १७७६.३ | ९.५ |
| सडक तथा सुशासन | ५४००.० | २८.८ |
| खानेपानी तथा सरसफाइ | ५८९.३ | ३.१ |
| कृषि | १०६५.१ | ५.७ |
| कोभिड | १३२.४ | ०.७ |
| स्वास्थ्य | ३४०.२ | १.८ |
| वन तथा वातावरण | १७५.० | ०.९ |
| क्षमता विकास | १७७६.३ | ९.५ |
| बजेटरी सहायता | २३६८.४ | १२.६ |
| **कुल** | **१८७४३.६** | **१००.०** |

श्रोतः अर्थ मन्त्रालय।

१२. कुल सहायता प्रतिवद्धता मध्ये द्विपक्षीय सहायता ३.३ प्रतिशत र बहुपक्षीय सहायता ९६.७ प्रतिशत रहेको छ। कुल वैदेशिक सहायता प्रतिवद्धतामा सडक तथा सुशासन क्षेत्रमा सबैभन्दा बढी २८.८ प्रतिशत, ऊर्जा क्षेत्रमा २४.६ प्रतिशत र बजेटरी सहायताको रूपमा १२.६ प्रतिशत प्राप्त भएको छ।

१३. चालु आर्थिक वर्षको माघ मसान्तसम्म नेपाल सरकारले रू.७ अर्ब ४६ करोड अनुदान र रू.२५ अर्ब ३९ करोड ऋण गरी कुल रू.३२ अर्ब ८५ करोड वैदेशिक सहायता प्राप्ति गरेको छ।

## बीमा क्षेत्र

१४. चालु आर्थिक वर्षको माघ महिनासम्म जारी भएका कुल बीमालेख संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.३ प्रतिशतले वृद्धि भई ७२ लाख ४३ हजार ५ सय पुगेको छ।

१५. यस अवधिमा संकलन भएको बीमा प्रिमियम रकम ३२.२ प्रतिशतले वृद्धि भई रू. ९२ अर्ब ४१ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रु. ६९ अर्ब ९२ करोड रहेको थियो।

१६. यस अवधिको बीमा प्रिमियम संकलनमा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८१.८ प्रतिशत र १८.२ प्रतिशत रहेको छ।


१७. २०७७ माघसम्म बीमाको दायरामा आएको जनसंख्या २२.८ प्रतिशत र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसंख्या २५.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो जनसंख्या क्रमशः २०.९ प्रतिशत र २३.८ प्रतिशत रहेको थियो।

## पूँजी बजार

१८. २०७६ माघमसान्तमा १३४५.९८ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७७ माघ मसान्तमा २५२६.९२ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ९८.३ प्रतिशतले वृद्धि भई रु. ३४ खर्ब ६ अर्ब १७ करोड पुगेको छ। गत आर्थिक

वर्षको सोही अवधिमा यस्तो रकम रु. १७ खर्ब १७ अर्ब ५० करोड रहेको थियो।


**चार्ट (ग): पछिल्लो ५ वर्षको माघ मसान्तको नेप्से सूचकांक**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

१९. २०७७ माघ महिनाको ४ गते २३१५.०१ विन्दुमा रहेको नेप्से सूचङ्काक माघ २६ गते हालसम्मकै सबैभन्दा उच्च २५६१.४८ विन्दुमा पुगी महिनाको अन्तिम कारोबार भएको अन्तिम दिन अर्थात माघ २९ गते २५२६.९२ विन्दुमा पुगेको छ।

**चार्ट (घ) २०७७ माघ महिनाको नेप्से सूचकांकको प्रवृत्ति**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

## वस्तु निकासी

२०. आर्थिक वर्ष २०७७/७८ को माघ महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.६ प्रतिशतले वृद्धि भई रु. ६९ अर्ब ९२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रु. ६४ अर्ब ९७ करोड रहेको थियो।

२१. यस अवधिमा भारत तर्फको वस्तु निकासी ८.६ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निकासी ५५.२ प्रतिशतले घटेको छ।

**तालिका (छ): माघमहिनासम्म निकासी भएका प्रमुख १० वस्तुहरू (रु. करोडमा)**

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ५९४.६१ | १९५९.०७ | २२९.५ |
| सेन्थेटिक यार्न | ५१२.३ | ४४६.५ | -१२.८ |
| अलैची | २८७.८६ | ४२८.२२ | ४८.८ |
| उनी गलैंचा कार्पेट | ४२७.६८ | ४१७.१५ | -२.५ |
| तयारी कपडा | ३३०.९५ | ३२३.६१ | -२.२ |
| चिया | १७९.२ | २९३.०५ | ६३.५ |
| जमोठ कपडा | १५१.४३ | २४७.९ | ६३.७ |
| जुटका बुनिएका कपडा | १९४.१२ | २३७.८३ | २२.५ |
| अन्य कपडा (उनी,सुती,टेरीकटन बाहेकका) | १९७.८ | १९६.७७ | -०.५ |
| फलफुलको जुस | २०७.७७ | १९५.२८ | -६.० |
| अन्य | ३४१३.२३ | २२४६.३२ | -३४.२ |
| **कुल जम्मा** | **६४९६.९५** | **६९९१.७** | **७.६** |

स्रोतः भन्सार विभाग ।

२२. चालु आर्थिक वर्षको माघसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७१.४ प्रतिशत, ०.८ प्रतिशत र २७.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ६९.९ प्रतिशत, १.६ प्रतिशत र २८.५ प्रतिशत रहेको थियो।

२३. यस वर्ष प्रशोधित भटमासको तेल, जमोठ कपडा, चिया, अलैची, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

## वस्तु पैठारी

२४. चालु आर्थिक वर्ष २०७७/७८ को माघ महिनासम्म कुल वस्तु पैठारीमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा सिमान्त वृद्धि देखिएको छ। यस अवधिमा कुल पैठारी रू. ८ खर्ब ३ अर्ब ६४ करोड रहेको छ।

२५. यस अवधिमा भारतबाट हुने पैठारी बढेको छ भने चीन र अन्य देशबाट हुने पैठारी घटेको छ। यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६६.२ प्रतिशत, १४.४ प्रतिशत र १९.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६१.८ प्रतिशत, १७.५ प्रतिशत र २१.७ प्रतिशत रहेको थियो।

२६. यस वर्ष प्रशोधित भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, सुन, एम.एस.विलेट, चामल लगायतका वस्तुको पैठारी बढेको छ।

### तालिका (ज): माघमहिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू (रु. करोडमा)


| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ५८२२.४३ | ३९७०.९२ | -३१.८ |
| एम.एस.बिलेट | २७२७.८१ | ३८१३.९७ | ३९.८ |
| मोवाइल टेलिफोन | १३०३.२७ | २४०६.८२ | ८४.७ |
| भटमासको तेल कच्चा | ९६६.४६ | २०९८.९३ | ११७.२ |
| तयारी कपडा | २०१५.८७ | १७३६.३१ | -१३.९ |
| चामल | १२७०.०९ | १७३०.२ | ३६.२ |
| एल पि ग्यास | १७७९.९३ | १७२६.६३ | -३.० |
| पेट्रोल | २१२६.४३ | १५९६.५९ | -२४.९ |
| एच.आर.सिट | १६४१.०७ | १५३६.५ | -६.४ |
| सुन | ९१९.३८ | १५०१.८३ | ६३.४ |
| अन्य | ५९७८७.४८ | ५८२४५.४८ | -२.६ |
| कुल | ८०३६०.२२ | ८०३६४.१८ | ०.० |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन


२७. आर्थिक वर्ष २०७७/७८ को माघ महिनासम्मको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.७ प्रतिशतले घटेर रू. ७ खर्ब ३३ अर्ब ७३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो वस्तु व्यापार घाटा रू. ७ खर्ब ३८ अर्ब ६३ करोड थियो।

### चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्बमा)




स्रोतः भन्सार विभाग

### चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको माघसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतना)




स्रोतः भन्सार विभाग।

२८. यस अवधिको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः ८.० प्रतिशत र ९२.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको थियो।

## विनिमय दर

२९. २०७७ असार मसान्तको तुलनामा २०७७ माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ३.४ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११६.२७ पुगेको छ। २०७७ असार मसान्तमा यस्तो विनिमय दर रू.१२०.३७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि


### पर्यटक आगमन

३०. सन् २०२१ को फेब्रुवरी महिनासम्म हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८७.४ प्रतिशतले न्यून भई १८ हजार २० रहेको छ। सन् २०२० को सोही अवधिमा यस्तो सङ्ख्या १ लाख ४३ हजार ४७ रहेको थियो। तर सन् २०२१ जनवरी महिनाको तुलनामा फेब्रुवरी महिनामा पर्यटक आगमन ३.१ प्रतिशतले वृद्धि भएको छ। कोभिड-१९ महामारीको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा पर्दै आएको छ।

### कम्पनी दर्ता

३१. आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्म दर्ता भएका कम्पनीको संख्या १५ हजार ९७ रहेकोमा चालु आर्थिक वर्षको माघ मसान्तमा यस्तो सङ्ख्या १६.८५ प्रतिशतले वृद्धि भई १७ हजार ६ सय ४१ पुगेको छ। कोभिड-१९ को महामारीको बाबजुद आर्थिक क्रियाकलापमा वृद्धि भएको छ।

**चार्ट (ज) विगत पाँच आर्थिक वर्षको माघ मसान्तसम्मको कम्पनी दर्ताको प्रवृत्ति** (संख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय।

## विदेशी लगानी प्रतिवद्धता

३२. आर्थिक वर्ष २०७७/७८ को माघ महिनासम्म विदेशी लगानीमा दर्ता भएका उद्योगको संख्यामा २२.० प्रतिशतले कमी आई १३१ कायम रहेको छ। त्यस्ता उद्योगमा कुल प्रस्तावित लगानीमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.१ प्रतिशतले कमी आई रु. २५ अर्ब ३२ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा विदेशी लगानीका १६८ उद्योग दर्ता भई कुल प्रस्तावित विदेशी लगानी रु. २८ अर्ब ८२ करोड रहेको थियो।

## नीतिगत तथा कानूनी विषय र राय परामर्श

३३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ राजपत्रमा प्रकाशन गरिएको।

३४. विभिन्न प्रकारका राजस्व छुट सम्बन्धी ३७ वटा सूचना राजपत्रमा प्रकाशन गरिएको।

३५. नेपाल प्रज्ञा प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवा सम्बन्धी, नियमावली, २०७७ (पाँचौ संशोधन) मा सहमति प्रदान गरिएको।

३६. नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थाबाट Institute of Chartered Accountants of England and Wales (ICAEW) सँगको Mutual Recognition Agreement को स्वीकृति मागका सम्बन्धमा विभिन्न विषयहरू समावेश गरी सहमति प्रदान गरिएको।

३७. नेपाल चार्टर्ड एकाउन्टेन्टस् नियमावली, २०६१ को प्रस्तावित दशौं संशोधनमा विभिन्न राय सुझाव समावेश गर्ने गरी सहमती प्रदान गरिएको।

३८. नेपाल धितोपत्र बोर्डको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसारको नयाँ संगठन संरचना तथा दरबन्दी सृजना गर्न स्वीकृति प्रदान गरिएको।

३९. विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूमा कार्यरत विदेशी नागरिकहरूको श्रम स्वीकृति नविकरणका लागि अनुरोध भई आएकोमा गृह मन्त्रालयबाट प्रदान भएको कार्य सहमति समेतको आधारमा श्रम स्वीकृति नविकरणका लागि सिफारिस प्रदान गरिएको।

४०. समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ (तेस्रो संशोधन) र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ (तेस्रो संशोधन) स्वीकृतिका लागि पेश भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्द्वारा मिति २०७७/१०/५ मा स्वीकृत भएको।

४१. सहलगानी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७/१०/१९ मा स्वीकृत भएको।

## मन्त्रालयका गतिविधिहरू

४२. नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनको अर्धवार्षिक प्रगति, पूँजीगत खर्च न्यून हुनाका कारण तथा वार्षिक कार्यक्रम र आयोजनाको कार्यान्वयनलाई तीव्रता दिन अबलम्बन गरिने उपायहरू सम्बन्धमा माननीय अर्थमन्त्रीज्यू तथा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको समुपस्थिति तथा सबै मन्त्रालयका सचिवज्यूहरूको उपस्थितिमा मिति २०७७/१०/११ गते छलफल कार्यक्रम आयोजना गरिएको।

४३. प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरण र प्रदेश तथा स्थानीय तहबाट संकलन गरिने राजस्व, खर्च, सम्पत्तीको अभिलेख, तथ्याङ्क व्यवस्थापन, आयोजना सञ्चालन र प्रतिवेदन प्रणालीमा भएको विद्यमान व्यवस्था र आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा सातै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवज्यूहरूसँग अर्थ मन्त्रालयका सचिवज्यूहरू, राष्ट्रिय योजना आयोगका सचिवज्यू, महालेखा नियन्त्रकज्यू, महाशाखा प्रमुखज्यूहरू र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा अर्थ मन्त्रालयमा मिति २०७७/१०/२१ गते छलफल कार्यक्रम आयोजना गरिएको।

४४. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको आधार, विधि र हिस्सा सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७७/१०/५ मा स्वीकृत भई संघ, प्रदेश र स्थानीय तहमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट गरिएको।

४५. आर्थिक वर्ष २०७७/७८ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन मिति २०७७/१०/२७ मा सार्वजनिक गरिएको।

४६. अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको कार्यसञ्चालन निर्देशिका, २०७७ जारी गरिएको।

४७. २०७७ माघ ७ गतेदेखि १३ गतेसम्म यस वर्षको अन्तर्राष्ट्रिय भन्सार दिवस सप्ताहव्यापी रुपमा विविध कार्यक्रमहरू गरी मनाइएको छ। विश्व भन्सार सङ्गठन (WCO) ले यस वर्षको लागि तय गरेको "Customs Bolstering Recovery, Renewal and Resilience for a Sustainable Supply Chain." भन्ने नाराका साथ दिवस मनाइएको।

## अन्य गतिविधिहरू

४८. माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलज्यूको अध्यक्षतामा २०७७ माघ ४ गते अर्थ मन्त्रालयमा बसेको बैठकले कोभिड-१९ का कारण प्रभावित उत्पादनमूलक उद्योगहरूको लकडाउन अवधिभरको विद्युत डिमाण्ड शुल्क छुट कार्यान्वयन गर्ने निर्णय भएको।

४९. माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलज्यूले मिति २०७७ माघ ६ गते अर्थ मन्त्रालयमा पर्यटन र होटल व्यवसायका प्रतिनिधिहरूसँग छलफल गर्नु भएको छ। उहाँले कोभिड-१९ का कारण अतिप्रभावित पर्यटन क्षेत्रलाई चलायमान बनाउन आवश्यक सहयोग गर्ने बताउनु भएको।

५०. नेपालमा रासायनिक मल कारखाना स्थापनाको तयारीका लागि माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल, माननीय उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट, माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री पद्माकुमारी अर्याल र सम्बन्धित मन्त्रालयका सचिवहरू सम्मिलित बैठक मिति २०७७ माघ ७ गते अर्थ मन्त्रालयमा सम्पन्न भएको।

५१. आयात र निर्यातलाई भन्सारसँग आवद्ध गरी अन्तर्राष्ट्रिय व्यापारलाई सहजीकरण गर्न नेपाल राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी छलफल मिति २०७७ माघ ७ गते अर्थ मन्त्रालयमा सम्पन्न गरिएको।

५२. प्रस्तावित एक्सटेन्डेट क्रेडिट फ्यासिलिटिका सम्वन्धमा माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलज्यू र अन्तर्राष्ट्रिय मुद्रा कोषका कार्यकारी निर्देशक एवं मिसन प्रमुखसँग मिति २०७७ माघ ७ गते अर्थ मन्त्रालयमा छलफल गर्नु भएको छ। छलफलका क्रममा माननीय मन्त्रीज्यूले नेपालमा हालै विकसित राजनीतिक घटनाक्रमले आर्थिक सुधार कार्यक्रमको निरन्तरतामा नकारात्मक प्रभाव नपार्ने बताउनु भएको।

५३. सरकारद्वारा घोषणा गरिएका औद्योगिक क्षेत्रहरू स्थापना सम्बन्धमा अर्थ मन्त्रालयमा मिति २०७७ माघ १२ गते छलफल सम्पन्न भएको छ। कञ्चनपुरको दैजी छेला, बाँकेको नौबास्ता, रुपन्देहीको मोतिपुर, चितवनको शक्तिखोर, मकवानपुरको मयुरधाप र झापाको दमकमा औद्योगिक क्षेत्र निर्माणका लागि तयारी कार्य अघि बढाइने सहमति भएको।